नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभागको

## कर विवरण तथा कर बुझाउने म्याद थप सम्बन्धी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को संक्रमणबाट उत्पन्न असहज परिस्थितिका कारण करदाताहरुले आवधिक रुपमा बुझाउनु पर्ने कर विवरण, आय विवरण तथा ती विवरण अनुसार भुक्तानी गर्नुपर्ने कर दाखिल गर्ने म्याद २०७७ जेष्ठ २५ र जेष्ठ मसान्तसम्म थप गरिएकोमा उक्त अवधि पुनः देहाय बमोजिम थप गरिएकोले सो अवधिभित्र विवरण र कर दाखिल गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम २०७६ साल फागुन, चैत्र र २०७७ वैशाख महिनाको मासिक कर विवरण, २०७६ साल माघ-फागुन र चैत्र-२०७७ वैशाख महिनाको द्विमासिक र दोस्रो चौमासिक अवधिको मूल्य अभिवृद्धि कर विवरण तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल असार ७ गतेसम्म ।

(ख) मूल्य अभिवृद्धि कर फिर्ता प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५घ. बमोजिम कर फिर्ताको निवेदन दिन पाउने अवधि लकडाउन कै बखत समाप्त भएमा २०७७ साल असार ७ सम्म ।

(ग) अन्तःशुल्क ऐन, २०५८ बमोजिम २०७६ फागुन, चैत्र र २०७७ वैशाख महिनाको बुझाउनु पर्ने विवरण तथा ती विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद २०७७ साल असार ७ गतेसम्म।

(घ) आयकर ऐन, २०५८ बमोजिम २०७६ साल फागुन, चैत्र र २०७७ वैशाख महिनाको बुझाउनु पर्ने अग्रिम कर कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल असार ७ गतेसम्म।

(ङ) आयकर ऐन, २०५८ बमोजिम २०७६ चैत्र महिनामा बुझाउनु पर्ने आर्थिक वर्ष २०७६/७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद २०७७ साल असार १५ गतेसम्म ।

(च) आर्थिक ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिम २०७६ फागुन, चैत्र र २०७७ वैशाख महिनाको शिक्षा सेवा शुल्क, दफा १४ को उपदफा (२) बमोजिमको २०७६ फागुन, चैत्र र २०७७ वैशाख महिनाको टेलिफोन स्वामित्व शुल्क तथा दफा १५ को उपदफा (३) बमोजिमको २०७६ फागुन, चैत्र र २०७७ वैशाख महिनाको दुर सञ्चार सेवा दस्तुर दाखिला गर्ने म्याद २०७७ साल असार ७ गते सम्म।